# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी

प.सं.:-आ.प्र.शा.१।२०७५।०७६ मितिः-२०७६।०२।२०

सूचना प्रकाशित मिति २०७६।०२।२० गते

## मेला तथा हाट वजार ठेक्का लगाउने सूचना

जलेश्वर न.पा.वा.नं. १ स्थित बरुणसर पोखरीको डिलमा सोमवार तथा विहिवारका दिन लाग्ने मेला तथा हाट वजार , विशेष पर्व अवसरमा लाग्ने बजार ( मिथिला परिक्रमा बाहेक ) तथा विहा बेलुकी प्रत्येक दिन लाग्ने आदर्श मिना बजारमा रहेको गुदरी बजारमा रहेको सेड र पशु बधशालाको वाहीर लाग्ने बाजार तथा खैरा चौक समेतमा माल सामान विक्रि गर्ने उद्देश्यले पसल थाप्ने व्यवसायीहरु संग निम्न लिखित दरवन्दी अनुसारको सेवा शूल्क रकम उठाउन आ.व. २०७६।०७७ को २०७६ साल श्रावण १ गते देखि २०७७ आषढ मसान्त सम्मका लागि ठेक्का बन्दोवस्त गर्ने पर्ने भएकोले ठेक्का लिन चाहने महानुभावहरुले निम्न सर्तको बन्देजमा रही टिकट वापत रु. १० नगदै संलग्न राखी सिलबन्दी वोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि प्रथम पटक यो ३० तिस दिने सूचना प्रकाशित गरिएको छ

**मेला तथा हाटवजार सेवा शुल्क दररेट :**

| सि.नं. | विवरण | सेवा शुल्क |
|---|---|---|
| १ | आलु, प्याज १०० के.जि. भएको वोरामा | १०।– |
| २ | खुर्सानी वेसार पसलमा | २०।– |
| ३ | खाद्यान तर्फ : | |
| | क. प्रति १०० के.जि.मा | ७।– |
| | ख. खुद्रा विक्रि गर्नेसँग | १५।– |
| | ग. विभिन्न किसिमको खाद्यान वेच्ने ठुलो पसलमा | २५।– |
| | घ. विभिन्न किसिमको खाद्यान वेच्ने सानो पसलमा | २०।– |
| ४ | खुद्रा तरकारी विक्रि गर्ने पसल : | |
| | क. साग सवजी पसलमा | १५।– |
| | ख. विभिन्न किसिमको तरकारी वेच्ने पसलमा | २५।– |
| ५ | कुम्हाले पसलमा | २०।– |
| ६ | धातुको भाडा वर्तन वेच्ने पसलमा | २०।– |
| ७ | वैलगाडामा दाउरा ल्याई वेच्ने सँग प्रति गाडा | १००।– |
| ८ | कपडा वेच्ने पसलमा | २५।– |
| ९ | रेडिमेट चादर गंजी, वेच्ने पसलमा | २५।– |
| १० | मिठा वेच्ने सँग प्रति चेकीमा | ५।– |
| ११ | ताडी पसलमा | १५।– |
| १२ | मुरही कचरी वेच्ने पसलमा | १५।– |
| १३ | हवाई मिठाई वेच्ने पसलमा | १०।– |
| १४ | डोरी पगहा वेच्ने पसलमा | १०।– |
| १५ | मुर्गा हास, परेवा विक्रि गर्नेसँग प्रति थानमा | ५।– |
| १६ | अण्डा वेच्नेसँग प्रति गोटा | ०।२५ |
| १७ | चुरी लहठी वेच्ने प्रति पसलमा | २०।– |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| १८ | मट्टितेल खाने तेल, नुन वेच्नेसँग | २०१/– |
| १९ | नाग्लो, छिटि आदि वेच्ने पसलमा | २०१/– |
| २० | चिउरा वेच्ने पसलमा | १५१/– |
| २१ | चटाई वेच्ने सँग प्रति गोटा | ५१/– |
| २२ | सुर्ति वेच्ने पसलमा | १५१/– |
| २३ | फलफुल वेच्ने पसलमा | २५१/– |
| २४ | पानको पात वेच्ने पसलमा | १०१/– |
| २५ | दाउरा भपरिया १ मा | १५१/– |
| २६ | माछा पसलमा : | |
| | क. २ के.जि. देखि १० के.जि. सम्ममा | १५१/– |
| | ख. ११ के.जि. देखि १५ के.जि. सम्ममा | २५१/– |
| | ग. १६ के.जि. देखि ३० के.जि. सम्ममा | ५०१/– |
| | घ. सो भन्दा माथि वेच्ने सँग | ६०१/– |
| २७ | मिठाई पसलमा | २०१/– |
| २८ | मासु विक्रि गर्नेसँग प्रति वोका, खसीमा | २०१/– |
| २९ | लटगेना पसलमा | १५१/– |
| ३० | हजाम पसलमा | १५१/– |
| ३१ | वोका, वाखाको छाला वेच्नेसँग प्रति १ थानमा | |
| | क) खरिद गर्नेसँग | ५१/– |
| | ख) विक्रि गर्नेसँग | ५१/– |
| ३२ | भैसी रागाको छाला प्रति १ थानमा | |
| | क) खरिद गर्नेसँग | ७/– |
| | ख) विक्रि गर्नेसँग | ७/– |
| ३३ | लोहार पसलमा | १५१/– |
| ३४ | चमार पसलमा | १०१/– |
| ३५ | उखु वेच्ने सँग प्रति १ वोझामा | १०१/– |
| ३६ | सावेको डोरी विक्रि गर्नेसँग प्रति केजि | ५१/– |
| ३७ | सावेको वोझा वेच्नेसँग प्रति वोझामा | १०१/– |
| ३८ | पल्ला गरि खाद्यान खरिद गर्नेसँग प्रतिवोरा प्रति १०० के.जि.मा | १५१/– |
| ३९ | रिवन, चोटी आदि वेच्ने पसलमा | १५१/– |
| ४० | मुसामार्ने औषधी पसलमा | १०१/– |
| ४१ | वजारमा प्रचार प्रसार गर्नेसँग | १५१/– |
| ४२ | चटके खेल, तमासा देखाउने सँग | १५१/– |
| ४३ | विउ, विजन विक्रि पसलमा | २०१/– |
| ४४ | पुस्तक पसलमा | १५१/– |
| ४५ | पिनी, पताक वेच्ने पसलसँग | १०१/– |
| ४६ | सकरकन्द वेच्ने पसलसाग प्रति १०० के.जि.मा | २०१/– |
| ४७ | पिठो वेच्ने पसलमा | २०१/– |
| ४८ | खुन्चा राखी नास्ता वेच्ने पसलमा | २५१/– |
| ४९ | अमलेट व्वाल अण्डा वेच्ने पसलमा | २५१/– |
| ५० | एउटा पसलमा ७ वटा टोकरी भन्दा माथि टोकरीमा समान विक्री गर्दा | ४०१/– |
| ५१ | अन्य छुटफुट पसलमा रु.१५१/– देखि २५१/– सम्म न.पा.ले किसिम हेरी कायम गर्ने छ । र रु. १०००/– सम्मको मालसमानमा रु. १५१/– र सो भन्दा वढीमा रु. २५१/– | |

**शर्तहरु :-**

प्रमुख प्रशासकीय अधिकृत

१. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको र फर्म, संघ, संस्थाको हकमा २०७५ साल आषाढ मसान्त सम्मको लागि नविकरण भएको प्रमाणहरुको प्रमाणित प्रतिलिपि साथ निवेदन तथा पछि फिर्ता नहुनेगरी रु.१,०००।-बुझाई यो सुचना प्रकाशित मिति देखि ३० औ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको कर उपशाखावाट वोलपत्र खरिद गर्न सकिनेछ ।

२. बोलपत्रमा कबोल रकम अंक र अक्षर दुवैमा प्रष्टरुपमा भर्नुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

३ यस कार्यालयवाट ठेक्का पट्टा वा अन्य बक्यौता बुझाउन बाँकी रहेका बोलपत्र दाताको बोलपत्र स्वीकृत गरिने छैन । त्यस्तो बोलपत्र यस कार्यालयमा दर्ता हुन गएमा स्वतः बदर हुनेछ ।

४. धरौटी वापत नेपाली नागरिक वा फर्म, संघ संस्था भए कबोल अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको रा.बा.बैक जलेश्वरमा रहको धरौटी खाता नं.१२७०३०३००७१०२ खातामा जम्मा गरेको सक्कल भौचर सिलवन्दी वोलपत्र साथ संलग्न गर्नुपर्ने छ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक बाट जारी भएको वोल कवोल जमानी पत्र सिलबन्दी वालेपत्र साथ संलग्न गर्नु पर्ने छ र धरौटी वापतको नगद रकमलाई मान्यता दिईनेछैन ।

५. व्यक्ती फर्म वा संस्थाको नामवाट खरिद भएको दरभाउपत्र अरु व्यक्ति , फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाईने छैन । त्यस्तो बोलपत्र पेश भै दर्ता हुन गएमा पनि स्वतः बदर हुनेछ ।

६. शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित मिति देखि ३१ औ दिन को १२ बजे यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । उक्त बोलपत्रहरु ३१ औ दिन दिनको २.०० बजे बोलपत्र दाता वा निजको वारेसहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको वारेसहरु उपस्थित नभए पनि बोलपत्र खोल्ने काम रोकिने छैन । बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको दिनकोसोही समयमा खरिद तथा दाखिला गर्न सकिने छ ।

७. ठेक्का स्विकृत भएपछि ठेक अंकको कुल रकमको नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त बैकको कम्तीमा ६ महिना म्याद भएको परफरमेन्स बौन्ड वा नगदै कुलरकम यस नगरपालिका कार्यालयमा बुझाई सकेपछि कवुलियत पट्टा गराई चलन पुर्जि दिने कार्य हुनेछ ।

८. स्वीकृत ठेक अंकलाई २ किस्तामा बुझाउनु पर्नै गरी दुई किस्ता कायम गरिनेछ । चलन पुर्जि लिनु अधि पहिलो किस्ता र तोकिएको मितिमा दोश्रो किस्ता बुझाउनु पर्नेछ । तोकिएको मितिमा किस्ता नबुझाएमा यस कार्यालयले व्याज सहित असुल गर्न वा नियमानुसार ठेक्का नै रद्द गर्न सक्नेछ ।

९. ठेक्का सम्वन्धी दैवी प्रकोप वा अन्य मानवीय एवं प्राकृतिक कारणवाट हुने हानी नोक्सानी को जिम्मेवारी यस कार्यालयको नभै स्वयं ठेकदारको हुनेछ ।स्वीकृत ठेक अंक मा वन्द, हड्ताल आदि जस्ता कारणवाट कुनै पनि छुट वा मिनहाको दावी गर्न पाईनेछैन ।

१०. ठेक्का संग सम्वन्धित काममा लाग्ने सरकारी कर, दस्तुर आदि ठेकदार स्वंयले नै बुझाउनु पर्नेछ र ठेक्का अवधि सम्पन्न भएपछि कर हिसाव चुक्ताको प्रमाण पेश गरेपछि मात्र धरौटी फिर्ता दिईनेछ

११. सम्पूर्ण किस्ता रकम एक मुष्ट बुझाएमा औचित्य हेरि बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

१२. न.पा.को घर सेड वा जमिन भाडामा लिई राखिएको पसलहरु तथा व्यवसाय कर तिरिरहेको पसल व्यवसायमा हाट बजार सेवा शूल्क उठाउन पाइने छैन ।

१३. ठेक्का स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. रित नपुगी , म्याद नाघी तथा शर्त राखि पेश हुन आएको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

१५. यस सम्वन्धी अन्य कुरा बुझ्न आवश्यक भएमा यस कार्यालयको लेखा शाखा तथा कर उपशाखामा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

१६. यस सूचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१७. न्यूनतम अंक रु.१२,०५,०००।०० (वारह लाख पाँच हजार मात्र )

जलेश्वर नगरपालिका नगर कार्यपालिका को कार्यालय जलेश्वर महोत्तरी जिल्ला २ प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत